Student/Registration Number | | | | | | | | | | | Centre Number | | | | | | |

**2024** PUBLIC EXAMINATION

# Nepali

## Continuers Level

**Tuesday 15 October: 2 pm Australian Eastern Daylight Time**

Reading Time: 10 minutes
Writing Time: 2 hours and 30 minutes

- *You have 10 minutes to read all the papers and to familiarise yourself with the requirements of the questions. You MUST NOT write during this time.*
- *Monolingual and/or bilingual printed dictionaries may be consulted during the reading time and also during the examination.*

## Section 1: Listening and Responding (30 marks)

**Instructions to Students**

1. Allow approximately 40 minutes for Section 1.
2. Write all your answers to the questions in Section 1 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ALL questions in Part A and Part B.
4. Answer Part A in ENGLISH and Part B in NEPALI.
5. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
6. All question booklets will be collected at the end of the examination.

*© SACE Board of South Australia 2024*

**Part A** (Questions 1 to 3)
(15 marks)

---

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts by identifying and analysing information and convey the information accurately and appropriately.*

---

You will hear THREE texts. Each text will be played twice. There will be a short break between the first and second playings of each text. You may make notes at any time.

Listen carefully to each text and then answer the questions in ENGLISH.

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 1**

1. (a) Who is the intended audience of the text? **1**

_______________________________________________

_______________________________________________

_______________________________________________

(b) What should people do after hearing this announcement? **2**

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

Marks

You may make notes in this space. These notes will NOT be assessed.

**Text 2**

*Vocabulary*
परम्परागत — traditional

उत्पादन — production

2\. (a) Explain how this text would be appealing to people ‘looking for a taste of home’. **2**

(b) Identify how the speaker uses language to engage the listener. Provide examples from the text to support your answer. **4**

Marks

You may make notes in this space. These notes will NOT be assessed.

**Text 3**

3. (a) Why is Jigme not surprised about the announcement? **2**

(b) How effective is Jigme in reassuring Tashi? Support your answer with evidence from the text. **4**

## **Part B** (Questions 4 to 6)
(15 marks)

---

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts by identifying and analysing information and convey the information accurately and appropriately.*

---

You will hear THREE texts. Each text will be played twice. There will be a short break between the first and second playings of each text. You may make notes at any time.

Listen carefully to each text and then answer the questions in NEPALI.

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 4**

*Vocabulary*
सावधान — precaution

4. How useful is this announcement? Support your answer with evidence from the text. **3**

यो घोषणा कतिको उपयोगी छ ? पाठबाट साभार गरी आफ्नो उत्तरलाई प्रमाणित गर्नुहोस् ।

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

___________________________________________________________

**Marks**

You may make notes in this space. These notes will NOT be assessed.

**Text 5**

*Vocabulary*
समाधान — solution
सीमितता — limitation
सिर्जना — create

5. (a) Explain the speaker's use of the phrase 'तर तपाईंले कल्पना गरे जस्तो होइन' in the context of this text. **2**

'तर तपाईंले कल्पना गरे जस्तो होइन' भन्ने वक्ताको भनाइलाई दिएको पाठको आधारमा व्याख्या गर्नुहोस्।

(b) Summarise the changes outlined in the text. **4**

पाठमा उल्लेखित परिवर्तनको सारांश लेख्नुहोस्।

Marks

You may make notes in this space. These notes will NOT be assessed.

**Text 6**

*Vocabulary*
आप्रवास — immigration
भूमण्डलीकरण — globalisation
आधुनिकीकरण — modernisation
प्रवृत्ति — trend

6. Compare and contrast multiculturalism between Australia and Nepal as discussed in the text. **6**

पाठमा चर्चा गरिए अनुसार अष्ट्रेलिया र नेपाल बीचको बहुसंस्कृतिकताको समानता र भिन्नताहरू लेख्नुहोस् ।

**End of Section 1**

## NEPALI (CONTINUERS) EXAMINATION 2024

## Section 1: Listening and Responding

**PART A**

***Text 1***

<Music: sound effect>

**बन्दना राष्ट्रिय निकुञ्जमा स्वागत छ। हामी आशा गर्दछौं कि तपाईं हामीसँग आफ्नो समयको आनन्द लिनुहुनेछ। यो जानकारी हाम्रा दिउँसोका  यात्रीहरूका लागि हो। आजको रिभर र्‍याफ्टिङ र हाइकिङ टुर १५ मिनेटमा सुरू हुनेछ। हाम्रो यात्रा हात्ती सूचना केन्द्रबाट सुरु भइ  जिपमा र्‍यापिड्स सम्म जानेछौं। साइटमा बस्ने हाम्रा अतिथिहरूका लागि, कृपया आफ्नो भ्रमण गाईड सँग भेट्नलाई तपाईंको मनोनीत बैठक क्षेत्रमा जानुहोस्।**

***Text 2***

<Music: sound effect>

**तपाई घरको स्वाद खोज्दै हुनुहुन्छ तर तपाईंलाई घरमा मनपर्ने खाना बनाउन आवश्यक सामाग्री भेटाउन गाह्रो भएको छ ? अनि, तपाईंले खोजेको सामान पाउँदा पनि तिर्न गाह्रो भएको छ ?**

**अब यस्ता विषयमा चिन्ता लिनु पर्दैन । आउनुहोस् ! हाम्रो नयाँ नेपाली किराना पसल सम्झना ग्रोसरीमा हामीलाई भेट्नुहोस् ।  हामी सँग विभिन्न खाद्यान्न, असली मसलाहरू  सहित परम्परागत उत्पादनहरूको ठूलो स्टक छ, जसले विशेष गरी हरेक दिन सस्तो मूल्यमा नेपाली समुदायको आवश्यकताहरू पूरा गर्दछ ।**

**हाम्रो पसलमाा आइपुग्न गाह्रो हुन्छ ? चिन्ता नगर्नुहोस्, हामी रु.५० डलर भन्दा बढीको अनलाइन किनमेलमा निःशुल्क डेलीभरि प्रदान गर्छौं । आउनुहोस्, हामीलाई पसलमा भेट्नुहोस् वा हाम्रो वेबसाइट** www.samjhanaNG.com.au **मा हेर्नुहोस् ।**

*Text 3*

**टासी**: ए जिग्मे, के तिमीले आज बिहानको सूचना देख्यौ?

**जिग्मे**: अँ हँ, मैले त हेरिन नी । के को बारेमा रहेछ?

**टासी**: होइन, यो त सही भएन नि! स्कूलले अर्को टर्म देखि मोबाइल फोनमा प्रतिबन्ध लाउने भएको छ । तिमीले आफ्नो फोन ल्याउन चाही सक्छौ रे तर प्रयोग गर्न सक्दैनौं ! त्यसलाई लकरमै राख्नु पर्ने अरे । यो कत्तिको पागलपन हो ?

**जिग्मे**: अँ, मलाई आश्चर्य लाग्दैन ।

**टासी**: साँच्चै ! किन ?

**जिग्मे**: हैन, यति धेरै विद्यार्थीले कक्षाको सबै समयमा आफ्नो फोन प्रयोग गरेर अध्ययन गर्ने बेलामा अनलाइन हुन्छन् वा कसैलाई टेक्स्ट गर्दै गरेका हुन्छन् । उनीहरूले ध्यान दिई रहेका हुदैनन् । अनि हेर त, रिसेस र लन्चमा कोही पनि एक अर्का सँग बोल्दैनन् । सबैले आफ्नो फोनमा नाँक जोतेर बसेका हुन्छन् ।

**टासी:** अम्......, हो, मलाई पनि लाग्छ, तरै पनि हामीलाई मद्दत गर्न कक्षामा हाम्रो फोन चाहिन्छ नी । आफ्नो फोनमा नोटको फोटो लिन र कुनै कुराको अनुसन्धान गर्न सक्छौं ।

**जिग्मे:** हो, तर हामीसँग कक्षामा ल्यापटपहरू हुन्छन् र तिनिहरूको प्रयोगले त्यही कुरा गर्न सक्छौं । मलाई लाग्दैन कि तिमीले यसको बारेमा धेरै चिन्ता गर्नु पर्छ ।

**टासी**: तर मलाई थाहा छैन कि फोन बिना म के गर्छु होला, म सँग फोन सधैँ हुनु पर्छ ।

**जिग्मे:** अरे, तिमी आफ्नो फोनबाट ब्रेक भएको आनन्द लिन पनि त सक्छौ, सोच त.... तिम्रो मानसिक स्वास्थ्यको लागि सामाजिक सञ्जालबाट ब्रेक लिनु कत्तिको राम्रो हुन्छ ! तिमीले थाहै नपाई यसलाई मन पराउन पनि थाल्नेछौ ।

**टासी**: हम्..., शायद....... ।

**PART B**

***Text 4***

<Music: Sound effect>

सरकार र हाम्रो स्कुलको खराब मौसमको नीतिका कारण हाम्रो विद्यालय तीन दिनका लागि बन्द रहने निर्णय भएको छ। कृपया घरमै बस्नुहोला र  गर्मीको समयमा सुरक्षित रहनका लागि उचित सावधानी अपनाउनुहोला।

प्रशस्त पानी पिउनुहोस् र आफ्नो घर, पुस्तकालय, सामुदायिक केन्द्र वा सपिङ सेन्टर जस्ता चिसो रहने ठाउँमा बस्नुहोस्। आफ्नो घरको ढोका र झ्यालहरू बन्द गर्नुहोस् र दिनको सुरुमा ब्लाइण्ड र पर्दाहरू झार्नुहोस ताकि तपाईंको घरबाट गर्मी टाढा रहोस्।

थप जानकारीका लागि, meromausam.com  मा जानुहोस ।

***Text 5***

<Music: sound effect>

सबैमा नमस्कार, म सार्थक हुँ र यो साताको "टेक्नोलोजी नाउ" को एपिसोडमा स्वागत छ। आज हामी "आर्टिफिसियल इन्टेलिजेन्स" वा (ए आई) को बारेमा कुरा गर्दैछौं तर तपाईले कल्पना गरे जस्तो होइन। "ए आई" को असर र यसको भविष्यको बारेमा धेरै कुराकानि भईरहेका छन्। के तपाईलाई थाहा छ "ए आई" नयाँ होइन भनेर? तपाईले सोचेको भन्दा पनि लामो समय देखि चलिरहेछ।

समस्यालाई बुद्धिमानीपूर्वक समाधान गर्न कम्प्युटरको प्रयोग गर्नु कुनै नौलो कुरा होइन। "आर्टिफिसियल इन्टेलिजेन्स" वा ए.आई शब्दको प्रयोग पहिलो पटक सन् १९५० को दशकमा भएको थियो। तपाईलाई विश्वास लाग्छ ! त्यस ताका "ए आई" को प्रयोगमा सीमितता थियो। कम्प्युटरहरू महँगा थिए, केवल आदेशहरू मात्र पूरा गर्न सक्थे तर तिनीहरूलाई स्टोर गर्न र नयाँ जानकारी सिर्जना गर्न सक्दैनथे। आज हाम्रो हातमा सुपर कम्प्युटर भए जस्तो थिएन, विश्वविद्यालयहरू जस्ता ठूला संगठनहरूमा मात्र सीमित थिए।

७०, ८० र ९० को दशकमा भएको टेक्नोलोजिकल सफलताले गर्दा "ए आई" को विकासलाई प्रगति पथमा डोर्याउँदै लग्यो। २१ औं शताब्दी देखि मात्र ए.आई ले वास्तवमा उद्योग र समाज दुवैमा क्रान्ति ल्याउन थाल्यो।

अब यहाँबाट "ए आई" कुन बाटो हिंड्ला ?

यस कुराकानीमा सहभागी हुनलाई आफ्नो विचार कमेण्टमा छोड्नुहोला। यस विषयमा थप जानकारीका लागि अर्को एपिसोडमा आउन नबिर्सनू होला।

*Text 6*

वक्ता १: सन् २०२४ को राष्ट्रिय सांस्कृतिक विविधता सम्मेलनमा स्वागत छ। भीमसेन थापाजी लाई प्रमुख वक्ताको रूपमा परिचय गराउन पाउँदा खुशी लागेको छ।

वक्ता २: परिचयको लागि धन्यवाद। यहाँ आएर अष्ट्रेलिया र नेपालको सांस्कृतिक विविधता र पहिचानको बारेमा बोल्न पाउँनु खुशीको कुरा हो।

नेपाल १२० भन्दा बढी जातीय समूह र भाषाहरू भएको देश हो। काठमाडौं उपत्यका नेपालको बहुसांस्कृतिक र ऐतिहासिक पहिचान झल्काउने र थुप्रै विश्व सम्पदाको थलो हो।

डायस्पोरिक संसारमा बस्ने मानिसहरूको जीवन शैली नेपालको तुलनामा फरक छ। नेपाली भाषी समुदायले विभिन्न प्रकारका चाडपर्वहरू मनाउँछन्। प्रमुख चाडहरूमा दशैं, तिहार, होली, तीज र लोसार पर्छन्। विभिन्न जातीय समूहहरूको छुट्टै परम्परागत कला र शिपहरू छन् जसले उनीहरूको सांस्कृतिक पहिचान दर्साउँछ।

नेपाल भन्दा भिन्न भएता पनि, अष्ट्रेलिया आफ्नो बहुसांस्कृतिक समाजको लागि चिनिन्छ, जुन विश्वका विभिन्न ठाउँहरूबाट आप्रवासद्वारा बनिएको छ। संसारभरका मानिसहरूले आफ्ना भाषा, सांस्कृतिक अभ्यास, परम्परा, उत्सव र खान-पान द्वारा अष्ट्रेलियाको सांस्कृतिक पहिचानलाई आकार दिएका छन्।

दुवै देशले परम्परागत संस्कृति र पहिचानलाई प्रभावित गर्ने भूमण्डलीकरणका चुनौतीहरूको सामना गरिरहेका छन्।विशिष्ट पहिचानको संरक्षण गर्नु र सांस्कृतिक विविधतालाई सन्तुलित राख्नु यी दुई देशहरू बीचको साझा चासोको विषय हो। दुवैले सांस्कृतिक परिवर्तनको अनुभव गर्छन्, विशेष गरेर युवा पुस्ताहरू जो चाँहि आधुनिकीकरण, प्रविधि र विश्वव्यापी प्रवृत्तिबाट प्रभावित छन्।

Student/Registration Number | | | | | | | | | | | | Centre Number | | | | | | |

## 2024 Public Examination

# Nepali

## Continuers Level

### Section 2: Reading and Responding (25 marks)

**Instructions to Students**

1. Allow approximately 1 hour and 10 minutes for Section 2.
2. Write all your answers to the questions in Section 2 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ALL questions in Part A and Part B.
4. Answer Part A in ENGLISH and Part B in NEPALI.
5. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
6. All question booklets will be collected at the end of the examination.

© SACE Board of South Australia 2024

**Part A** (Question 7)
(10 marks)

---

*Your response will be assessed on how well you:*

- *understand general and specific aspects of texts (for example, by comparing, contrasting, summarising, and/or evaluating) and convey the information appropriately.*

---

7. Read the text and then answer in ENGLISH the questions that follow.

**सगरमाथा आरोहण**
हरेक पर्वतारोहीको सपना - सगरमाथाको चुचुरो।
हिमाल आरोहणका पारखीहरूका लागि सगरमाथाको चुचुरोमा पुग्नु नै अन्तिम सफलताको सूची हो !
नेपालको महान् हिमालयमा अवस्थित विश्वको सर्वोच्च शिखर सगरमाथा समुन्द्री सतहदेखि ८८४८ मिटरको उचाइमा रहेको छ।
सन् १९५३ मा सर एड्मन्ड हिलरी र तेन्जिङ्ग नोर्गेले पहिलो पटक सगरमाथाको चुचुरोमा पाइला टेकेदेखि नै धेरै पर्वतारोहीले उनीहरूको पदचिन्ह पछयाउने सपना बुनेका छन्। तर के धेरै पाइलाहरूले पछयाइरहेका छन् त ? के सगरमाथा र बेस क्याम्पको आरोहण र हाइकिङ घटाउनु वा हटाउनु पर्छ ? तपाईको धारणा के छ ?

**टिप्पणी १:**
म जहिले पनि आधार शिविर घुम्न चाहन्थें र सायद एक दिन शिखरमा पुग्न चाहन्थें, तर एकपटक केही अनुसन्धान गरेपछि तुरुन्तै मैले मन परिवर्तन गरें। पर्यटनले हिमाललाई मात्र होइन, स्थानीय वातावरणमा पार्ने असरबारे के तपाईंलाई केही जानकारी छ ? फोहरले स्थानीय जलमार्गलाई असर गरीरहेको छ र दाउराको बढ्दो आवश्यकताले वन फडानी भइ रहेको छ भने हरेक वर्ष सगरमाथा राष्ट्रिय निकुञ्ज घुम्न आउने १००,००० भन्दा बढी मानिसले बाटो बिगारी रहेका छन्। हो, पर्यटन उद्योगले केही पैसा ल्याउँछ र स्थानीय जनताका लागि केही रोजगारी सिर्जना गर्छ, तर कुन मूल्यमा ? हामीले सगरमाथा र प्राकृतिक वातावरणको संरक्षण गर्नु पर्छ, चाहे यसको अर्थ हाइकिङ र आरोहणमा प्रतिबन्ध नै किन नहोस्।

**टिप्पणी २:**
अम्......., काउन्टडाउन सुरू भैसकेको छ! म नेपाल जान ५ हप्ता मात्र बाँकी छ। म लामो समयदेखि यो यात्राको लागि तयारी गरिरहेको छु र म हिमाल माथि विजय प्राप्त गर्न आतुर छु ! मैले बुझेको छु कि सगरमाथामा मानव प्रभावको बारेमा चिन्ता छ तर आरोहण उद्योगले पहिले नै कडा रूपमा नियन्त्रण सुरू गरेको छ र प्रत्येक वर्ष लगभग ६०० अनुमतिहरू मात्र उपलब्ध हुने गर्छन्। मलाई थाहा छ कि नेपालको अर्थतन्त्रका लागि पर्यटन महत्वपूर्ण छ। त्यसैले मैले पहिले नै स्थानीय गाइडहरू र पोर्टरहरू नियुक्त गरेको छु र स्थानीय होटल पनि बुक गरेको छु। मैले फोहोरको समस्याबारे पनि पढेको छु। त्यसैले मैले यात्रामा बनाएको सबै फोहोर फिर्ता ल्याउने योजना बनाएको छु। पर्यटन रोक्नु सही उत्तर होइन। आरोही र पर्वतारोहीलाई सगरमाथा र आधार शिविरको आनन्द लिनका लागि अन्य दिगो तरिकाहरूमा काम गरौं !

**टिप्पणी ३:**
शिखरमा चढ्नु जीवनभरको यात्रा थिएन। सगरमाथाको चुचुरोमा पुगेपछि मैले हर्षित हुने अपेक्षा गरेको थिएँ तर यति भिड थियो कि मुश्किलले हिड्न सकिन्थ्यो। हरेक वर्ष करिब ६०० जना मात्र आरोहण गर्न पाउने भएता पनि चुचुरोमा पुग्ने समय भने निकै छोटो लाग्छ। जतातततै फोहोर पनि थियो र हिउँ पग्लने क्रम जारी रहँदा र मानवीय प्रभाव बढ्दै जाँदा यो झनै खराब हुँदै गएको छ। यदि हामी भविष्यमा पनि सगरमाथाको आनन्द लिन चाहन्छौं भने, पर्यटकहरूको संख्या र आरोहण अनुमतिहरू घटाउनमा गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ।

QUESTIONS

**Marks**

*Vocabulary*

पदचिन्ह — footprint

पर्यटन — tourism

अर्थतन्त्र — economy

अपेक्षा — expect

(a) Identify the issue being discussed in the text. **1**

___

___

___

(b) What does the author mean by the phrase 'तर के धेरै पाइलाहरूले पछ्याइरहेका छन् त ?' in the context of the text? **2**

___

___

___

___

___

___

***Question 7 continues on page 4.***

**Marks**

(c) Which *two* commentors have the most similar opinions? Support your answer with evidence from the text. **4**

(d) How does the writer of comment 1 try to convince readers of their point of view? **3**

This page is intentionally blank

**Part B** (Question 8)
(15 marks)

---

*Your response will be assessed on how well you:*

- *demonstrate an understanding of the stimulus text*
- *write text that is appropriate and relevant to context, purpose, and audience*
- *structure and sequence information and ideas*
- *manipulate language structures and vocabulary in Nepali.*

---

8. Read the text and then answer the question in approximately 150 words in NEPALI.

**नेपाल अष्ट्रेलिया महोत्सव – युवा स्वयंसेवकहरूको आवश्यक्ता !**

यस वर्ष नेपाल अष्ट्रेलिया महोत्सव एडिलेड साउथ अष्ट्रेलियामा नवेम्बर ८ देखि १० सम्म हुने भएको छ।

स्थानीय नेपाली मैत्री समाजले सन् २०२४ को नेपाल अष्ट्रेलिया महोत्सवका लागि युवा स्वयंसेवकको खोजी गरिरहेको छ। यो राष्ट्रिय महोत्सव यस वर्ष फेरि एडिलेडमा आयोजना हुँदैछ र हामी ३ दिनका लागि १६ देखि २५ उमेर सम्मका स्वयंसेवकहरू खोज्दैछौं !

यो महोत्सव अष्ट्रेलियाभरिका नेपाली युवायुवतीलाई भेट्ने ठूलो अवसर हो र हाम्रो विशिष्ट संस्कृति र सम्पदाको बारेमा प्रदर्शन गर्ने र सिक्ने मौका पनि हो। मेलामा खाना तथा पेय पदार्थका स्टलहरु, परम्परागत नृत्य तथा साङ्गीतिक प्रस्तुतिहरु, परम्परागत नेपाली हस्तकला कार्यशालाहरु लगायत अन्य धेरै स्टलहरु रहनेछन्। वास्तवमा सबैका लागि केही न केही हुन्छ। नेपाली संस्कृतिको यो चाडलाई स्वतन्त्र राख्न स्वयंसेवा गरेर हामीलाई सहयोग गर्न सक्नुहुनेछ।

थप जानकारीका लागि वा दर्ता गर्नका लागि volunteernow@festival.com मार्फत हामीलाई सम्पर्क गर्नुहोस्।

QUESTION

Having seen this advertisement, you volunteered at this national festival. But your experience was not as expected. Write an email to the organisers, reflecting on your experience and suggesting improvements.

यो विज्ञापन देखेपछि तपाईंले यो राष्ट्रिय उत्सवमा स्वयम् सेवा गर्नुभयो। तर तपाईंको अनुभव सोचे जस्तो भएन। तपाईंको अनुभवलाई प्रतिबिम्बित गर्दै सुधारका लागि सुझाव दिएर आयोजकहरूलाई एउटा इमेल लेख्नुहोस्।

*You may remove this page from the booklet by tearing along the perforations so that you will have the information in front of you for easy reference.*

You may make notes on this page. These notes will NOT be assessed.

This page is intentionally blank

Question 8

**End of Section 2**

Student/Registration Number | | | | | | | | | | | | Centre Number | | | | | | |

## 2024 PUBLIC EXAMINATION

# Nepali

## Continuers Level

### Section 3: Writing in Nepali (20 marks)

**Instructions to Students**

1. Allow approximately 40 minutes for Section 3.
2. Write your answer to a question from Section 3 in this booklet using black or blue pen. Space is provided for you to make notes.
3. You must answer ONE question in NEPALI.
4. Write your student/registration number and the centre number (if required) on the front cover of this booklet.
5. All question booklets will be collected at the end of the examination.

*© SACE Board of South Australia 2024*

**Section 3** (Questions 9 to 11)
(20 marks)

---

*Your response will be assessed on how well you:*

- *demonstrate depth of treatment of information, ideas, and/or opinions*
- *write text that is appropriate and relevant to context, purpose, and audience*
- *structure and sequence information and ideas*
- *manipulate language structures and vocabulary in Nepali.*

---

Answer ONE question from this section in approximately 250 words in NEPALI.

9. You spend a week without your mobile phone after it got water-damaged and taken in for repairs. Write a diary entry about this week. Include the difficulties you encountered, as well as any unexpected benefits.

   तपाईं आफ्नो मोबाइल फोन बिना एक हप्ता बिताउनुहुन्छ जब यो पानीले क्षतिग्रस्त भएर मर्मतको लागि लगियो। त्यो हप्ताको बारेमा एउटा डायरी एन्ट्रि लेख्नुहोस्। तपाईंले सामना गर्नु परेका कठिनाइहरू, साथै कुनै पनि अनपेक्षित लाभहरू समावेश गर्नुहोस्।

10. You have just visited a new Nepalese restaurant in your neighbourhood. Your experience was not what you expected. Write an online review for your community's local website.

    तपाईंले भर्खरै आफ्नो गृहनगरमा एउटा नयाँ नेपाली रेस्टुरेन्टको भ्रमण गर्नुभयो तर तपाईंले सोचेको जस्तो अनुभव पाउनु भएन। तपाईंको समुदायको स्थानीय वेबसाइटको लागि एउटा अनलाइन समीक्षा लेख्नुहोस्।

11. You have been invited to give a speech at your school's end of Year 12 celebration. Write the script of the speech, highlighting your school experience and acknowledging the people who contributed to that experience.

    तपाईंलाई स्कूलको कक्षा १२ को वार्षिक उत्सवमा भाषण दिन निमन्त्रणा गरिएको छ। आफ्नो स्कूलको अनुभवलाई उजागर गर्दै र तपाईंका अनुभवहरूमा योगदान पुर्याउने व्यक्तिहरूलाई स्वीकार्दै, भाषणको स्क्रिप्ट लेख्नुहोस्।

*You may remove this page from the booklet by tearing along the perforations so that you will have the information in front of you for easy reference.*

You may make notes on this page. These notes will NOT be assessed.

This page is intentionally blank

Question Number:



PLEASE TURN OVER

**End of Section 3**